जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक ११३ २०७९ साल मंसिर १४ गते बुधबार (30 Nov. 2022 Wednesday) मूल्य रु. ५/-

**डेंगीबाट बचौं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : मौद्रिक नीतिको समीक्षाबाट.. ३ पृष्ठमा : प्रतिनिधिसभाको समानुपातिक ... ३ पृष्ठमा पाकिस्तानका नयाँ प्रमुख...

## औषधी पसलमा अनुगमन टोली आएपछि धमाधम "सटर डाउन"



**दैनिक समाचारदाता राजविराज, १३ मंसिर ।**

सप्तरी सदरमुकाम राजविराजका विभिन्न औषधी पसलमा बिक्री बितरणका लागि राखिएका म्याद गुज्रेका तथा नेपालमा बिक्रि बितरणको इजाजत नपाएका कम्पनीका औषधीहरु औषधी व्यवस्था विभागको अनुगमन टोलीले मंगलबार नियन्त्रणमा लिएको छ ।

बिराटनगरस्थित औषधी व्यवस्था विभागका फार्मेशी अधिकृत टेकेन्द्र मिश्रको नेतृत्वमा खटेको टोलीले स्थानिय केही औषधी पसलबाट म्याद गुज्रेका तथा नेपालमा दर्ता नभएका कम्पनीका औषधीहरु नियन्त्रणमा लिएको हो ।

स्थानिय बजारमा म्याद गुज्रेका तथा नेपालमा दर्ता नभएका औषधी खुल्ला बिक्रि बितरण भएको जनगुनासो आएपछि औषधी पसलहरुमा अनुगमन गरिएको हो ।

अनुगमन टोली बजार पुगेको सुइको पाएपछि अधिकांश औषधी व्यवसायी पसलको सटर बन्द गरेर हिडेको टोलीका प्रमुख मिश्रले बताए ।

उनले बजार अनुगमनका क्रममा पसल बन्द गरि हिडेका औषधी पसलहरुमा कुनै बेला पनि छड्के अनुगमन गर्ने तयारी भएको समेत बताए । अनुगमनसँगै टोलीले औषधी पसलेलाई बिरामी मारमा नपर्ने गरि आ-आफ्नो व्यवसाय संचालन गर्न र आइन्दा यस्तो अवैध कारोबार नगर्न पनि सचेत गराउने गरेको टोली प्रमुख मिश्रले बताए ।

अनुगमनका क्रममा गैरकानुनी रुपमा संचालन गरिएका, दर्ता हुन बाँकी रहेका र कर तिर्न बाँकी रहेका पसलेलेलाई कानुनको दायरामा आउनका लागि समेत समयसीमा तोकिने गरिएको छ ।

यसअघि सोमबार सप्तरीको हनुमाननगर कंकालिनी र बोदेबरसाइन नगरपालिकास्थित विभिन्न औषधी पसलमा अनुगमन गरिएको थियो ।

## घाटी रेटिएको अवस्थामा राउतको शव फेला

**दैनिक समाचारदाता राजविराज, १३ मंसिर ।**

एक दिन अघि वेपत्ता भएका एक व्यक्ति मंगलबार मृत अवस्थामा फेला परेका छन् ।

सप्तरीको कञ्चनरूप नगरपालिका १ निवासी ४८ वर्षिय पप्पु भनिने सञ्जय राउत मृत अवस्थामा फेला परेका हुन् ।

घाटी रेटिएको अवस्थामा उनको मृत शरीर घर नजिकै रहेको पोखरीमा फेला परेको हो । इलाका प्रहरी कार्यालय कंचनपुरका प्रमुख एवं डीएसपी रामकुमार यादवका अनुसार उनी सोमबार राति ९ बजेदेखि हराइरहेका थिए ।

शवको प्रकृति हेर्दा घाटी रेटेर हत्या गरिएको हुन सक्ने प्रारम्भिक अनुमान गरिएको उनको भनाई छ । अनुसन्धानका लागि तालिमप्राप्त कुकुरको समेत प्रयोग गरि अनुसन्धान अघि बढाइएको इलाका प्रहरी कार्यालय कंचनपुरले जनाएको छ ।

## प्रदेशसभाको समानुपातिकमा एमाले अगाडि

काठमाडौँ, १३ मङ्सिर (रासस) ।

प्रदेशसभाको समानुपातिक तर्फ छ वटा प्रदेशमा नेकपा (एमाले) अगाडि देखिएको छ । निर्वाचन आयोगकाअनुसार प्रदेश १, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा एमाले प्रदेशसभाको समानुपातिकमा अग्रस्थानमा छ । मधेस प्रदेशमा भने नेपाली कांग्रेस अगाडि देखिएको छ ।

बिहान ११:३० बजेसम्म प्रदेश नं १ मा १७ लाख १५ हजार पाँच सय सात, मधेसमा १८ लाख ४१ हजार चार सय ६१, बागमतीमा १६ लाख ८२ हजार चार सय ४४, गण्डकीमा नौ लाख १८ हजार आठ सय ३९, लुम्बिनीमा १८ लाख ८७ हजार ७८, कर्णालीमा पाँच लाख ७७ हजार आठ सय २९ र सुदूरपश्चिम प्रदेशमा सात लाख ७८ हजार तीन सय चार मत गणना भएको छ ।

प्रदेश नं १ मा एमालेले पाँच लाख ९९ हजार नौ सय ५९, कांग्रेसले पाँच लाख तीन हजार एक सय ६३, राष्ट्रिय प्रजातन्त्र पार्टीले एक लाख ८२ हजार नौ सय नौ र नेकपा (माओवादी केन्द्र)ले एक लाख ६८ हजार सात सय ३४ मत ल्याएको छ । मधेस प्रदेशमा कांग्रेसले सबैभन्दा बढी तीन लाख ५७ हजार नौ सय २२, एमालेले तीन लाख २१ हजार दुई सय १०, जनमत पार्टीले दुई लाख ६६ हजार आठ सय ३२, जनता समाजवादी पार्टीले दुई लाख ६२ हजार सात सय ४४ र माओवादी केन्द्रले एक लाख ६७ हजार ६७ मत ल्याएको छ ।

बागमती प्रदेशमा एमालेले पाँच लाख दुई हजार नौ सय २३, कांग्रेसले चार लाख २७ हजार दुई सय ३९, राष्ट्रिय प्रजातन्त्र पार्टीले दुई लाख ५७ हजार आठ सय ५७ र माओवादी केन्द्रले दुई लाख ३६ हजार पाँच सय ५९ मत प्राप्त गरेको छ । गण्डकी प्रदेशमा एमालेले तीन लाख ४० हजार पाँच सय ३३, कांग्रेसले तीन लाख १७ हजार पाँच सय ९६ र माओवादी केन्द्रले एक लाख १५ हजार तीन सय ६६ मत पाएको छ ।

लुम्बिनी प्रदेशमा एमालेले पाँच लाख ७० हजार नौ सय २१, कांग्रेसले चार लाख ९९ हजार नौ सय ८६, माओवादी केन्द्रले एक लाख ९८ हजार चार सय ५०, राप्रपाले एक लाख २७ हजार चार सय ५२ र नागरिक उन्मुक्ति पार्टीले एक लाख २५ हजार पाँच सय २१ मत प्राप्त गरेको छ ।

कर्णाली प्रदेशमा एमालेले एक लाख ८३ हजार नौ सय ५०, कांग्रेसले एक लाख ७० हजार सात सय ५६, माओवादी केन्द्रले एक लाख ३७ हजार छ सय ३९

*बाँकी तीन पृष्ठमा*

## चारवटै प्रतिनिधिसभा क्षेत्रमा जनमतको ८५ हजार ५ सय ९२ मत

**दैनिक समाचारदाता राजविराज, १३ मंसिर ।**

सप्तरी जिल्लाको चारवटै प्रतिनिधिसभा क्षेत्रमा ८५ हजार ५ सय ९२ मत प्राप्त गरि जनमत पहिलो भएको छ । यस्तै जसपाले ४८ हजार ३ सय ५० मत प्राप्त गरि दोश्रो भएको छ भने भने नेपाली काँग्रेस ३५ हजार भन्दा बढी मत प्राप्त गरि तेश्रो स्थानमा रहेको छ । यस्तै ८ वटै प्रदेशसभा क्षेत्रमा ५० हजार भन्दा बढी मत ल्याई जनमत नै पहिलो भएको छ ।

जिल्लाको प्रतिनिधिसभा क्षेत्र नं. १ को प्रदेशसभा १ र २ को समानुपातिकतर्फको मतगणना सम्पन्न भएको छ । उक्त दुबै प्रदेशसभा क्षेत्रमा पनि जनमत पार्टीले २३ हजार ३ सय १४ मत प्राप्त गरि पहिलो भएको छ । सो क्षेत्रमा जसपाले १३ हजार ५ सय २, नेपाली काँग्रेसले १० हजार ८ सय ८०, नेकपा एमालेले १० हजार ६ सय ८१, माओवादी केन्द्रले २ हजार ८ सय १८, नागरिक उन्मुक्ति पार्टीले २ हजार २ सय ५५, राप्रपाले १ हजार ७ सय ३, नेकपा एसले १ हजार २ सय ३९ तथा लोसपाले ७ सय ७० मत प्राप्त गरेको छ । यस प्रदेशसभा क्षेत्रमा ७५ हजार ८ सय ९३ मत खसेकोमा ५ हजार ६ सय ४० मत बदर भएपछि ७० हजार २ सय ५१ मत सदर भएको निर्वाचन कार्यालय सप्तरीले जनाएको छ ।

यस्तै जिल्लाकै प्रतिनिधिसभा क्षेत्र नं. ४ को प्रतिनिधिसभाको समानुपातिकतर्फको मतगणना पनि सम्पन्न भएको छ । सो क्षेत्रमा जनमत पार्टीले नै सबै भन्दा बढी मत पाएको छ । यस क्षेत्रमा जनमतले १५ हजार १ सय २३ मत पाएको छ । यस्तै जसपाले ११ हजार ७ सय ७५, नेपाली काँग्रेसले ९ हजार ९ सय २३, नेकपा एसले ६ हजार ३ सय ३८, नागरिक उन्मुक्ति पार्टीले ६ हजार ३ सय ४, नेकपा एमालेले ४ हजार ७ सय ७५, बहुजन पार्टीले २ हजार ४ सय १६, माओवादी केन्द्रले २ हजार २ सय ६४ र स्वतन्त्र पार्टीले १ हजार १ सय १० मत प्राप्त गरेको छ । यस क्षेत्रमा ६९ हजार ५ सय ८८ मत खसेकोमा ४ हजार ७ सय ९३ मत बदर भई ६४ हजार ७ सय ९५ मत सदर भएको थियो । यस क्षेत्रको प्रदेशसभाको समानुपातिक मतगणना अझै जारि नै रहेको छ ।

**जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?**

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था ।
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुति गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

## सम्पादकीय

# रोजगारीमा जानु पूर्व सीप सिक्नु आवश्यक

कुनै पनि वैदेशिक रोजगारीका लागि जानु पूर्व सीप सिक्नु आवश्यक रहेको छ। सीप सिकेर रोजगारीमा गए आफू अनुकुल काम पाउन ग्राह्यतामा परिन्छ। मुलुकमा रोजगारीको अभावका कारण विदेशिनेहरुको संख्यामा बृद्धि भए पनि सीप सिकेर जानेहरुको संख्या थोरै छ।

रोजगारीका लागि विदेशिनु सुरक्षित छ वा छैन भन्ने बारे विचार पुऱ्याउनु पनि उत्तिकै आवश्यक छ भने वैदेशिक रोजगारीमा जानेहरु पर्याप्त सूचना र जानकारी समेत लिनुपर्दछ। एजेन्टबाट वा रोजगारदाताबाट ठगिने जस्ता घटनाहरु विगतमा धेरै भएका छन्। तर, अहिले आएर पर्याप्त सूचना र जानकारी प्राप्त गरेर वैदेशिक रोजगारीमा जाने गरेकाले ठगिने घटनामा भने कमी आउन थालेको छ।

तसर्थ वैदेशिक रोजगारीमा जाँदा दक्ष कामदारका रुपमा सीप सिकेर जानु उपयुक्त हुनुका साथै विदेश पुगेर ठगिनुबाट बच्न सकिन्छ।

# मौद्रिक नीतिको समीक्षाबाट सन्तुष्ट छैन निजी क्षेत्र

काठमाडौँ, १३ मङ्सिर (रासस)।

नेपाल राष्ट्र बैंकले चालू आर्थिक वर्ष २०७९/८० को मौद्रिक नीति समीक्षा गर्दै केही नयाँ व्यवस्था लागू गरेपनि निजी क्षेत्रले भने अर्थतन्त्रका विद्यमान समस्या समाधानका लागि त्यो पर्याप्त नभएको जनाएको छ।

गत आइतबार मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षा गर्दै राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाको औसत ब्याजदर अन्तरको सीमा घटाएको छ।

त्यस्तै, बैंक तथा वित्तीय संस्थाका लागि क्षेत्रगत कर्जासम्बन्धी व्यवस्थामा केही चलक हुने, कर्जा-निक्षेप अनुपात नपुगेमा उनीहरूलाई लाग्ने जरिवाना तरलता जोखिममा समेत आधारित हुनेगरी पुनरावलोकन गर्ने र चालू पुँजी कर्जा कार्यविधि संशोधनका लागि पहल गर्ने राष्ट्र बैंकले जनाएको छ। यद्यपि, यी व्यवस्थाले मात्रै अहिले अर्थतन्त्रमा देखिएका समस्या समाधान गर्न नसक्ने धारणा निजी क्षेत्रको छ।

"हाम्रो अर्थतन्त्र सहज अवस्थामा छैन, सङ्कटतर्फ जाँदैछ। अहिलेको मौद्रिक नीतिको व्यवस्थाले त्यो सङ्कट टार्ला भन्ने विश्वास निजी क्षेत्रलाई छैन। त्यसकारण यसमा पुनःविचार गरिनुपर्छ", नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष शेखर गोल्छाले भन्नुभयो, "तरलता व्यवस्थापन र ब्याजदर घटाउनका लागि राष्ट्र बैंकले अहिले जुन नीति लिएको छ त्यो पर्याप्त छैन।"

चालू पुँजी कर्जासम्बन्धी व्यवस्था दुई वर्षका लागि स्थगन गर्नुपर्ने धारणा निजी क्षेत्रको रहेको पनि गोल्छाले बताउनुभयो। मौद्रिक नीतिको समीक्षामाथि आफ्नो धारणा दिन महासङ्घले मंगलबार पत्रकार सम्मेलनसमेत गर्दैछ।

नेपाल उद्योग परिसङ्घका अध्यक्ष विष्णुकुमार अग्रवालले पनि मौद्रिक नीतिको समीक्षाले निजी क्षेत्रका समस्या सम्बोधन गर्न नसकेको बताउनुभयो। "अहिलेको मख्य विषय भनेको तरलताको स्थिति सहज बनाउने र बैंक वित्तीय संस्थामा लगानीयोग्य रकम उपलब्ध हुनुपर्ने हो। तर मौद्रिक नीतिको समीक्षाले त्यो समस्याको समाधान दिएको छैन", अग्रवालले भन्नुभयो।

चालू पुँजी कर्जा कार्यविधि तत्काल कार्यान्वयन गर्न नहुने र शेयर तथा घरजग्गा कारोबारलाई चलायमान बनाउनका लागि केही लचक नीति नियामकले लिनुपर्ने उहाँको भनाइ छ।

"चालू पुँजी कर्जा कार्यविधि संशोधन गर्ने भनेर राष्ट्र बैंकले भनेको छ। तर हाम्रो भनाइ यो व्यवस्था लागू गर्ने स्थिति नै छैन भन्ने हो। कम्तीमा पुराना ग्राहकका लागि दुई वर्षपछि लागू गर्दा उचित हुन्थ्यो", अग्रवालले भन्नुभयो, "उद्योगी व्यवसायी कर्जाको साँवा ब्याजको किस्ता तिर्नसक्ने अवस्थामै छैनन्। यस्तो अवस्थामा चालू पुँजी कर्जा कार्यविधिले उनीहरूको मनोबल झन् घटाउँछ र थप समस्यातर्फ लैजान्छ।"

शेयर र घरजग्गामा ठूलो लगानी भएको तर ती क्षेत्रको कारोबार चलायमान हुन नसक्दा पनि तरलताको समस्या देखिएको उहाँको भनाइछ।यी क्षेत्रको कारोबार चलायमान बनाउन केही खुकुलो नीति अपनाउनु आवश्यक रहेको पनि अग्रवालले बताउनुभयो।

नेपाल चेम्बर अफ कमर्सले पनि मौद्रिक नीतिको त्रैमासिक समीक्षामार्फत् गरिएका व्यवस्थाले वित्तीय स्थायित्व कायम गर्न नसक्ने जनाएको छ। "मौद्रिक नीतिको त्रैमासिक समीक्षाले वित्तीय स्थायित्व कायम गर्न अझै कठिन देखिएको छ। स्प्रेड दर केही घटाइएपनि यसले ब्यादजर वृद्धि रोक्न मात्रै मद्दत गर्दछ। तर विद्यमान कायम रहेको उच्च ब्याजदरलाई घटाउने सम्भावना न्यून मात्र छ",चेम्बर अफ कमर्सले सोमबार जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ।

मुलुकको बाह्य क्षेत्रमा केही सुधार देखिए पनि आन्तरिकतर्फ अर्थतन्त्र जोखिमकै अवस्थामा रहँदा मौद्रिक नीतिको समीक्षामार्फत् सम्बोधन हुने अपेक्षा राखिएकोमा त्यसो हुन नसकेको पनि चेम्बरले जनाएको छ।

चेम्बरले बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाह गर्दा आधार दरमा लिने प्रिमियमलाई अधिकतम २ प्रतिशतसम्म मात्र कायम गर्नुपर्ने बैंकदरलाई पाँच दशमलव पाँच बाट पाँच प्रतिशतमा कायम गनुपर्ने, चालुपुँजी कर्जासम्बन्धी मार्गनिर्देशनको कार्यन्वयन स्थगित गरी सरोकारवाला निकायसँग पर्याप्त छलफल गरी पुर्नलेखन गरिनुपर्नेलगायतका सुझावसमेत दिएको छ।

त्यस्तै, कर्जा-निक्षेप अनुपात (सिडी रेसियो) ९० प्रतिशतको स्थानमा विगतमा झै निक्षेप-पुँजी-कर्जा अनुपात (सिसीडी रेसियो) ८५ प्रतिशत कायम गर्नुपर्ने वा सिडी रेसियोलाई ९५ प्रतिशत गरिनुपर्ने धारणासमेत चेम्बरको छ।

**मौद्रिक नीतिको त्रैमासिक समीक्षामा के छ ?**

राष्ट्र बैंकको गत आइतबार बसेको सञ्चालक समितिको बैठकले वाणिज्य बैंकहरूको औसत ब्याजदर अन्तर चार दशमलव चार प्रतिशतबाट चार प्रतिशत तथा विकास बैंक र वित्त कम्पनीको औसत ब्याजदर पाँच प्रतिशतबाट चार दशमलव छ प्रतिशत कायम गर्ने निर्णय गरेको थियो। यसबाट बैंक तथा वित्तीय संस्थाले कर्जाको ब्याजदर तय गर्दा लिने प्रिमियम दर घट्न गई कर्जाको ब्याजदरमा समेत सन्तुलन आउने राष्ट्र बैंकले भनाइ छ।

त्यस्तै, कृषि क्षेत्रसँग सम्बन्धित पब्लिक लिमिटेड कम्पनीहरूले दोस्रो बजारमा जारी गरेको ऋणपत्रमा बैंक तथा वित्तीय संस्थाले गरेको लगानीलाई राष्ट्र बैंकले उक्त क्षेत्रमा न्यूनतम कर्जा लगानी गर्नुपर्ने गरी तोकिएको सीमामा गणना गर्न पाउने व्यवस्था मौद्रिक नीतिको समीक्षाबाट गरिएको छ।

बैंक तथा वित्तीय संस्थाको तोकिएको कर्जा-निक्षेप अनुपात नपुगेमा उनीहरूलाई लाग्ने जरिवाना तरलता जोखिममा समेत आधारित हुनेगरी पुनरावलोकन गर्ने नीति पनि राष्ट्र बैंकले लिएको छ।

त्यस्तै, चालू पुँजी कर्जासम्बन्धी मार्गदर्शनलाई संशोधन गर्नका लागि पनि राष्ट्र लचक देखिएको छ। मार्गदर्शन पुनरावलोकनका लागि माग गरिएका सुझाव हेरेर संशोधनको प्रक्रिया थाल्ने राष्ट्र बैंकले भनाइ छ। बैंक तथा वित्तीय संस्थाले तोकिएको क्षेत्रमा कर्जा प्रबाह नगरेमा २०८० असार मसान्तसम्मको आधारमा२०८० पुसदेखि हर्जना गणना गर्ने व्यवस्था मिलाइने पनि राष्ट्र बैंकले जनाएको छ।

लघुवित्त वित्तीय संस्थाले आगामी माघदेखि आधार दर मासिक रूपमा प्रकाशन गर्नुपर्ने व्यवस्था पनि मौद्रिक नीतिको त्रैमासिक समिक्षाबाट गरिएको छ।

# नौ वाणिज्य बैंक कारबाहीमा

काठमाडौँ, १३ मङ्सिर (रासस)।

नेपाल राष्ट्र बैंकले नौ वाणिज्य बैंकलाई कारबाही गरेको छ। चालू आर्थिक वर्ष २०७९/८० को पहिलो तीनमहिनामा विभिन्न आरोपमा 'क' वर्गका इजाजत प्राप्त वाणिज्य बैंक, बैंकका सञ्चालक र प्रमुख कार्यकारी अधिकृतलाई उक्त बैंकको सुपरिवेक्षण विभागले कारबाही गरेको हो।

यसरी कारबाहीमा पर्नेमा बैंक अफ काठमाडौँ, कृषि विकास बैंक, प्रमु बैंक, कुमारी बैंक, प्राइम बैंक, हिमालयन बैंक, सनराइज बैंक, ग्लोबल आइएमई बैंक र मेगा बैंक लिमिटेड रहेका छन्। राष्ट्र बैंकले निर्धारण गरेको नियमअनुसार विपन्न वर्ग क्षेत्रमा कर्जा लगानी नगरेको आरोपमा बैंक अफ काठमाडौँ लिमिटेडलाई रु दुई करोड ११ लाख ८५ हजार जरिवाना तिराइएको छ। त्यसैगरी सम्पति शुद्धीकरणसम्बन्धी ऐन र निर्देशन उल्लघङ्न गरेको अरोपमा कृषि विकास बैंकलाई रु बीस लाख जरिवाना गराइएको छ।

राष्ट्र बैंकले रोक्का राख्न निर्देशन दिएका खातामा कारोबार गरेको आरोपमा प्रभु बैंक, बैंक अफ काठमाडौँ लिमिटेड, कुमारी बैंक र प्राइम बैंकका प्रमुख कार्यकारी अधिकृतलाई सचेत गराइएको छ भने एक पटक प्रिमियरदर निर्धारण गरी ऋणीलाई दिइने कर्जा प्रस्तावपत्रबमोजिम कर्जा प्रवाह गरेपछि पनि प्रिमियम दर वृद्धि गर्न वा कुनै किसिमको डिस्काउन्ट प्रदान गरी पुनः स्वतः वृद्धि हुनेजस्ता योजना लागू गर्न नपाइने व्यवस्था पालना नगरिएकामा हिमालयन बैंक, सनराइज बैंक, ग्लोबल आइएमई बैंक र मेगा बैंकका प्रमुख कार्यकारी अधिकृतलाई पनि सचेत

*बाँकी तीन पृष्ठमा*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569




डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट),
हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734

# प्रतिनिधिसभाको समानुपातिक मतगणना : कति दलले पाउलान् राष्ट्रिय मान्यता ?

काठमाडौँ, १३ मङ्सिर (रासस)।

प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको यही मङ्सिर ४ गते सम्पन्न मतदानको मतपरिणाम आउने क्रम अन्तिम चरणमा छ। पछिल्लो मतपरिणामअनुसार प्रतिनिधिसभाको समानुपातिकतर्फ मंगलबार साँझसम्म ९८ लाख आठ हजार नौ सय २७ मत गणना सम्पन्न भएको छ।

निर्वाचन आयोगकाअनुसार हालसम्म नेकपा (एमाले)ले सबैभन्दा बढी मत २६ लाख ४३ हजार ८२ मत प्राप्त गरेको छ। त्यसपछि बढी नेपाली कांग्रेसले २४ लाख ९८ हजार सात सय ७८ मत पाएको छ।

नेकपा (माओवादी केन्द्र) ले ११ लाख २७ हजार सात सय १०, राष्ट्रिय स्वतन्त्र पार्टीले १० लाख ८५ हजार पाँच सय ६४, राष्ट्रिय प्रजातन्त्र पार्टीले पाँच लाख ५९ हजार दुई सय २५, जनता समाजवादी पार्टी नेपालले तीन लाख ७६ हजार आठ सय ६८, जनमत पार्टीले तीन लाख ३३ हजार चार सय ९३, नेकपा (एकीकृत समाजवादी)ले दुई लाख ७६ हजार नौ सय ११ र नागरिक उन्मुक्ति पार्टीले दुई लाख ४६ हजार ८३ मत प्राप्त गरेको आयोगले जनाएको छ।

यस निर्वाचनमा जम्मा एक करोड ७९ लाख ८८ हजार पाँच सय ७० मतदाता थिए। त्यसमध्ये ६१ प्रतिशत अर्थात् करिब एक करोड नौ लाख हाराहारीमा मत खसेको थियो। राजनीतिकदलसम्बन्धी ऐनमा प्रतिनिधिसभाको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ खसेको सदर मतको कम्तीमा तीन प्रतिशत मत र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ एक सिट प्राप्त गर्ने दलले मात्र राष्ट्रिय दलको मान्यता प्राप्त गर्ने उल्लेख छ।

प्रतिनिधिसभामा एक सिट प्रत्यक्षसहित समानुपातिकतर्फ कम्तीमा तीन लाख हाराहारी मत प्राप्त गर्ने दलले मात्रै यस निर्वाचनमा राष्ट्रिय दलको मान्यता पाउने देखिन्छ। अहिलेसम्म ९८ लाख आठ हजार नौ सय २७ मत गणना हुँदा सात दलले 'थ्रेस होल्ड' सीमा पार गरिसकेका छन्।

एमाले, कांग्रेस, माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी, राप्रपा, जसपा नेपाल र जनमत पार्टीले गणना भएको मतबाट तीन प्रतिशत भन्दा बढी मत कटाएका छन्। पछिल्लो मतगणनाको तथ्याङ्कको आधारमा नेकपा (एकीकृत समाजवादी) दुई लाख ७६ हजार नौ सय ११ र राष्ट्रिय उन्मुक्ति पार्टीले दुई लाख ४६ हजार ८३ मत प्राप्त गरेका छन्।

**२०७४ मा पाँच राष्ट्रिय दल**

विसं २०७४ को प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा पाँच दलले निर्वाचन ऐनले तोकेको थ्रेस होल्ड पार गरी राष्ट्रिय दलको मान्यता पाएका थिए। सो निर्वाचनमा एमाले, कांग्रेस, माओवादी केन्द्र, राष्ट्रिय जनता पार्टी नेपाल र सङ्घीय समाजवादी फोरम नेपालले राष्ट्रिय मान्यता प्राप्त गरेका थिए।

उक्त निर्वाचनमा एमालेले ३१ लाख ७३ हजार चार सय ९४, कांग्रेसले ३१ लाख २८ हजार तीन सय ८९, माओवादी केन्द्रले १३ लाख तीन हजार सात सय २१, राजपा नेपालले चार लाख ७२ हजार दुई सय ५४ र सङ्घीय समाजवादी फोरम नेपालले चार लाख ७० हजार दुई सय एक मत प्राप्त गरेका थिए। उक्त निर्वाचनमा प्रतिनिधिसभाको समानुपातिकतर्फ एमालेले ४१, कांग्रेसले ४०, माओवादी केन्द्रले १७, राष्ट्रिय जनता पार्टी नेपालले छ स्थान र सङ्घीय समाजवादी फोरम नेपालले छ सिट प्राप्त गरेको आयोगको तथ्याङ्क छ।

***प्रदेशसभाको ...***

तथा सुदूरपश्चिम प्रदेशमा एमालेले दुई लाख ३३ हजार पाँच सय २०, कांग्रेसले दुई लाख २६ हजार एक सय ७० र माओवादी केन्द्रले एक लाख १३ हजार आठ सय ६३ मत पाएको आयोगले जनाएको छ।

प्रतिनिधिसभाको समानुपातितर्फ पनि एमालेको अग्रता देखिएको छ। हालसम्म ९६ लाख ७० हजार आठ सय ३३ मत गणना गर्दा एमालेले सबैभन्दा धेरै २६ लाख सात हजार चार सय ७२ मत प्राप्त गरेको छ। कांग्रेसले २४ लाख ७० हजार दुई सय ३४, माओवादी केन्द्रले ११ लाख नौ हजार सात सय ७९, राष्ट्रिय स्वतन्त्र पार्टीले १० लाख ७९ हजार ९४, राप्रपाले पाँच लाख ५४ हजार सात सय ५७, जनता समाजवादी पार्टीले तीन लाख ६७ हजार सात सय ७३ र जनमत पार्टीले तीन लाख १६ लाख ६६ सय ५३ मत प्राप्त गरेका छन्।

***नौ वाणिज्य ...***

गराइएको छ।

आधारदरभन्दा कम ब्याजदरमा कर्जा दिएको आरोपमा सनराइज र मेगा बैंकका प्रमुख कार्यकारी अधिकृतलाई सचेत गराइएको छ। सनराइज बैंकका प्रमुख कार्यकारी अधिकृत अवकाश हुँदा थप सुविधा दिएको भन्दै सनराइज बैंकको सञ्चालक समितिलाई सचेत गराइएको छ। मेगा बैंकले विगतमा लगानी भएका कर्जा असूल नगरी पटक-पटक नवीकरण गरेको भन्दै बैंकका सिइओ र प्रमुख कर्जा अधिकृतलाई पनि सचेत गराइएको छ।

# मधेस प्रदेश : सरकार बनाउन अन्योल, केन्द्रको समीकरण कुर्दै दलहरू

जनकपुरधाम, १३ मङ्सिर (रासस)।

दुई गठबन्धनसहित चुनावमा गए पनि कसैको बहुमत नआएपछि मधेस प्रदेशमा कसको र कसरी सरकार बन्छ भन्ने अन्योल देखिएको छ।

सरकार बनाउन संख्या नपुगेको र केन्द्रको समीकरण पनि कसरी अगाडि बढ्छ भन्ने प्रष्ट भइनसकेकाले यहाँका नेताहरू समेत अन्योलमा परेका छन्। सत्तागठबन्धनको मुख्य घटक नेपाली कांग्रेसका मधेस प्रदेश सभापति कृष्ण यादवले लोकतान्त्रिक-वाम गठबन्धनकै नेतृत्वमा सरकार बनाउने विषयमा छलफल भइरहे पनि केन्द्रको निर्देशन र समानुपातिकतर्फको परिणाम आएपछि नै ठोसरूपमा अगाडि बढ्ने बताउनुभयो। उहाँले गठबन्धनका सबै दल र त्योभन्दा बाहिर रहेकासँग पनि कुराकानी भइरहेको बताउनुभयो। "समानुपातिकको परिणाम आउँछ त्यसपछि सरकार बनाउने अवस्थाका बारेमा घनीभूत छलफल गर्छौं", यादवले भन्नुभयो, "अहिलेकै अवस्थामा गठबन्धन दलकै नेतृत्वमा सरकार बनाउनेमा हामी सबैको एक मत छ। त्यहीअनुसार अगाडि बढिरहेका छौं।"

सत्तागठबन्धनकै अर्को घटक नेकपा (माओवादी केन्द्र) का नेता भरत साहले पनि गठबन्धनलाई नै अगाडि लिएर जाने बताउनुभयो। "केन्द्रको निर्देशन आउला तर अहिले हामी गठबन्धनका नेताहरू छलफलमै छौं। पुगनपुग सङ्ख्या स्पष्ट भएपछि त्यहीअनुसार थप रणनीति बनाउँछौं", साहले भन्नुभयो। नेकपा (एमाले)-जनता समाजवादी पार्टी (जसपा) गठबन्धन पनि आफ्नो नेतृत्वमा सरकार बनाउने गरी छलफलमै छ। एमाले मधेस प्रदेश कमिटीका अध्यक्ष राम अवतार यादवले प्रदेश कमिटीको बैठक मंगलबारै बसेर यस विषयमा पार्टीको धारणा बनाउने बताउनुभयो। उहाँले आफू पक्षीय गठबन्धन दल मिलेर सरकार बनाउने सम्भावना र अरु विकल्पका बारेमा केन्द्रको निर्देशन र प्रदेश कमिटीको निर्णयअनुसार अगाडि बढ्ने बताउनुभयो।

त्यसैगरी जसपाका नेता एवं मधेस प्रदेशका मुख्यमन्त्री लालबाबु राउतले जसपा तेस्रो दलको हैसियतमा रहेकाले अरु दलको निर्णय र आवश्यकताका आधारमा अघि बढ्ने बताउनुभयो। उहाँले एमालेसँग उभिएर चुनावमा गएको तर दुई पार्टी मिलेर सरकार बन्ने अवस्था नरहेकाले राष्ट्रिय राजनीतिक समीकरण र जनताको 'म्यान्डेड' अनुसार प्रदेश सरकारबारे निर्णय हुने धारणा राख्नुभयो। "हाम्रो संख्या पुर्दैन, अर्को गठबन्धनको अवस्था पनि त्यस्तै छ", राउतले भन्नुभयो, "केन्द्रको अवस्था के हुन्छ ? अरुले पनि विकल्पका बारेमा कुरा गर्लान्। परिस्थितिअनुसार हामी अगाडि बढ्छौं।"

दुवै गठबन्धनको सरकार बनाउन सङ्ख्या नपुगेको अवस्थामा जनमत पार्टी र स्वतन्त्र उम्मेदवारहरू निर्णायक हुने देखिएको छ। यी दुवै गठबन्धनका नेताहरूको ध्यान पनि जनमत पार्टी र स्वतन्त्र उम्मेदवारमै छ। कांग्रेस प्रदेश सभापति यादवले पनि जनमत पार्टीलगायत स्वतन्त्रहरूसँग छलफल गरेर अगाडि बढ्ने बताउनुभयो। तर जनमत पार्टीका प्रवक्ता बिपी साहले भने सकेसम्म आफ्नै पार्टीको नेतृत्वमा सरकार बनाउने गरी छलफल भइरहेको बताउनुभयो। 'एक्लै चुनाव लडेको हिसाबले हामी सबैभन्दा ठूलो पार्टी हो, त्यसैले आफ्नै नेतृत्वमा सरकार बनाउन लाग्छौं' साहले भन्नुभयो, "अन्यथा शक्ति बाँडफाँट कसरी हुन्छ त्यहीअनुसार अगाडि बढ्छौं।" कुन गठबन्धनमा जाने गरी कुरा भइरहेको छ भन्ने जिज्ञासामा साह भन्नुहुन्छ, "हामी खुला छौं, अरु पार्टीले औपचारिकरूपमा संवाद सुरु गरेको अवस्था छैन।"

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का नेता जितेन्द्र सोनलले पनि गठबन्धनकै नेतृत्वमा सरकार बन्ने दाबी गर्दै समानुपातिकको नतिजापछि यस विषयमा गम्भीर छलफल गर्ने बताउनुभयो। उहाँले गठबन्धन बहुमतको नजिक रहेको र समानुपातिकको संख्या हेरेर रणनीति बनाउने बताउनुभयो। "हामी छलफलमै छौं। स्वतन्त्ररूपमा जित्नुभएका साथीहरू पनि सम्पर्कमै हुनुहुन्छ। त्यसैले चाँडै अन्योलता चिर्छौं", सोनलको भनाइ थियो। एक सय सात सदस्यीय मधेश प्रदेशसभामा प्रत्यक्षतर्फ लोकतान्त्रिक-वाम गठबन्धनमा अहिले २८ र एमाले-जसपा गठबन्धनमा २४ मत छ। यहाँ एमालेले १५, कांग्रेसले १३, माओवादी केन्द्र र एकीकृत समाजवादीले चार/चार, जसपाले नौ, लोसपाले सात, जनमत पार्टी र स्वन्तन्त्र उम्मेदवारहरूले छ/छ सिट जितेका छन्।

## विश्व समाचार

### पाकिस्तानका नयाँ प्रमुख सेनापतिले सम्हाले कमाण्ड

इस्लामाबाद, १३ मङ्सिर (रासस/एएनआई)।

लेफ्टिनेन्ट जनरल असिम मुनीरले पाकिस्तानको १७ औं सेना प्रमुखको रुपमा कमाण्ड सम्हालेका छन्। सेना प्रमुख जनरल कमर जावेद बाजवाको बिदाईसँगै उनले मंगलबार कमाण्ड सम्हालेका हुन्। देशको सबैभन्दा शक्तिशाली व्यक्तिको रूपमा आफ्नो छ वर्षको कार्यकालको अन्त्य गर्दै जनरल बाजवाले रावलपिण्डीमा आयोजित एक समारोहमा लेफ्टिनेन्ट जनरल मुनीरलाई कमाण्डको प्रतीकका रुपमा रहेको डण्डा हस्तान्तरण गरेका दैनिक अखबार डनले जनाएको छ।

बाजवाले करिब छ वर्षको विस्तारित कार्यकाल पूरा हुनुभन्दा केहीअघि जनरल मुनीर र जनरल साहिर शमशाद मिर्जासहित छ जनालाई संभावित भावी प्रधानसेनापतिका रुपमा चित्रित गरिएको थियो जनरल मुनीरको नियुक्तिसँगै नयाँ सेना प्रमुखको नियुक्तिलाई लिएर फैलिएका अफवाह, अनिश्चितता र अनुमानको पटाक्षेप भएको छ।

पाकिस्तानमा पूर्व प्रधानमन्त्री इमरान खान, उनका अनुयायी र उनको सामाजिक सञ्जालका समर्थकले गत वैशाखमा अप्रिलमा पीटीआई सरकारलाई इस्लामाबादको पावर कोरिडोरबाट बाहिर निकालेपछि पाकिस्तानी जनतामा अभूतपूर्व उन्माद छाएको थियो। सरकारले खानलाई राजनीतिक लाभका लागि नयाँ सेना प्रमुखको नियुक्तिलाई विवादास्पद बनाएको आरोप लगाएको थियो।

### शान्तिपूर्ण विरोध गर्ने जनाधिकारको सम्मान गर्न आग्रह

न्युयोर्क, १३ मङ्सिर (रासस/एएनआई)।

मानवअधिकार वाच (एचआरडब्ल्यू)ले शान्तिपूर्ण विरोध गर्ने जनताको अधिकारको सम्मान गर्न चीन सरकारसमक्ष अनुरोध गरेको छ। चिनियाँ सरकारको कठोर 'शून्य कोभिड' नीति तथा त्यसनिम्ति जारी प्रतिबन्धात्मक आदेशको शान्तिपूर्ण ढङ्गले गरिएको विरोधप्रदर्शनको क्रममा जनसाधारण पक्राउ परेकामा चिन्ता व्यक्त गर्दै एचआरडब्ल्यूले जनाधिकारको सम्मान गर्न आग्रह गरेको हो।

शान्तिपूर्णरूपमा विरोधप्रदर्शन गर्न पाउने स्वतन्त्रता, मानवअधिकारको रक्षा तथा जनताको मौलिक अधिकारको सम्मान गर्न चीन सरकारलाई अनुरोध गर्दै उक्त संस्थाले हिरासतमा राखिएका सबै प्रदर्शनकारीलाई तत्काल रिहा गर्न र विरोधप्रदर्शनसँग सम्बन्धित सूचना एवम् समाचार सम्प्रेषण गर्ने अनलाइन पोर्टलको सेन्सरसिप बन्द गर्न आह्वान गरेको छ।

अघिल्लो साताको मध्यतिर चीनको सबैभन्दा ठूलो सहर एवम् वित्तीय केन्द्र साङ्घाई, राजधानी बेइजिङलगायत ठूला चिनियाँ सहरमा कोभिड-१९ लाई फैलिन नदिन सरकारले जारी गरेका कठोर नियमविरुद्ध विभिन्न विश्वविद्यालयका विद्यार्थी र सर्वसाधारण सडकमा उत्रिएका थिए। यसैबीच, संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले पनि चिनियाँ जनताको शान्तिपूर्णरुपमा विरोधप्रदर्शन गर्न पाउने अधिकार कुण्ठित हुन नदिन राष्ट्रपति सी चिनफिङ नेतृत्वको सरकारसँग अनुरोध गर्नुभएको छ। महाचिवका प्रवक्ता स्टेफेन डुजारिकले सोमबार यहाँ आयोजित नियमित पत्रकार सम्मेलनमा नागरिक अधिकार एवम् स्वतन्त्रताको प्रत्याभूतिका निम्ति महासचिवले जोड दिनुभएको बताए।

### इथियोपियाको टिगरेमा पर्याप्त मात्रामा सहायता पुगेन

संयुक्त राष्ट्रसङ्घ, १३ मङ्सिर (रासस/सिन्ह्वा)।

विगत लामो समयदेखि हिंसात्मक विद्रोह जारी रहेको इथियोपियाको टिगरेमा आवश्यकताअनुसारको सहयता पुग्न नसकेको संयुक्त राष्ट्रसङ्घले जनाएको छ। संयुक्त राष्ट्रसङ्घीय मानवीय सहायतासम्बन्धी एजेन्सीले सो कुरा बताएका हुन्। यहाँ केही हप्ताअघि इथियोपियाली सरकार र यहाँका विद्रोहीबीचमा शान्ति सम्झौता भएको थियो।

सो सम्झौता बमोजिम टिगरेमा मानवीय सहायता वितरणको काम सुरु भएको छ। विद्रोहीहरुले यसअघि सो क्षेत्रमा संयुक्त राष्ट्रसङ्घीय एजेन्सीले वितरण गर्दै आएको सहायता वितरणको काम पनि हुन दिएका थिएनन्। हाल त्यहाँ सहायता वितरण गर्न दिइए पनि अहिले यहाँ आवश्यक परेजति सहायता पुग्न नसकेको संयुक्त राष्ट्रसङ्घीय मानवीय सहायता वितरणसम्बन्धी एजेन्सी, ओचाले जनाएको हो। इथियोपियाली सरकार र टिगरे पिपुल्स लिबरेसन फ्रन्टका बीचमा अघिल्लो महिना युद्धविराम भएर यहाँ गर्न पाउने शान्तिपूर्ण कार्यहरुको सम्झौता पनि भएको छ। त्यस अन्तर्गत यहाँका नागरिकलाई आवश्यक पर्ने सहायता वितरणको काम पनि परेकाले राष्ट्रसङ्घीय निकाय र ती निकायको समन्वयमा अन्य सहायता संस्थाहरुले वितरण गरिरहेका बताइएको छ।

इथियोपियाली सरकार र सो फ्रन्टका बीचमा भएको युद्धविराम जारी छ र यसैमार्फत शान्ति स्थापनाका लागि वार्ताका माध्यमबाट पहल भइरहेको जनाइएको छ। टिगरेका कम्तीमा पनि ५० लाख मानिसलाई खाद्यान्नको आवश्यकता परेको बताइएको छ। यहाँका नागरिकलाई खाद्यान्न अभावसँगै बालबालिका कुपोषणको शिकार हुन पुगेका छन्। संयुक्त राष्ट्रसङ्घीय बालकोषले हालै प्रकाशन गरेको एक प्रतिवेदनमा टिगरेका करिब ३० प्रतिशत बालबालिका कुपोषणको शिकार भएका छन्।

# मधेश प्रदेशमा एमाले पहिलो र कांग्रेस दोस्रो दल

जनकपुरधाम, १३ मङ्सिर (रासस) ।

मधेश प्रदेशका सबै क्षेत्रको मतगणना सम्पन्न भएको छ । अन्य क्षेत्रमा हिजो नै मतगणना सम्पन्न भए पनि मंगलबार बिहान धनुषा ४ र धनुषा–४(२) को अन्तिम नतिजा आएसँगै प्रत्यक्षतर्फ प्रतिनिधिसभाका ३२ र प्रदेशसभाका ६४ वटै निर्वाचन क्षेत्रको मतगणना सम्पन्न भएको निर्वाचन आयोग मधेश प्रदेश कार्यालयले जनाएको छ । मतगणना सकिएसँगै नेकपा एमाले प्रतिनिधिसभाका लागि नौ र प्रदेशसभाका लागि १५ स्थानमा विजयी भएर पहिलो पार्टी बनेको छ ।

विसं २०७४ को निर्वाचनमा प्रतिनिधिसभामा धनुषा ४ र सर्लाही ३ मा सीमित भएको एमालेले यो पटक ती दुवै स्थानलाई सुरक्षित राख्दै थप सात स्थानसहित नौ सिट जितेको हो । प्रतिनिधिसभाका लागि एमालेले सिरहा–१, धनुषा-३, सर्लाही-३, बारा–१,पर्सा–३,सिरहा–३, बारा–३ र महोत्तरी–१लगायत क्षेत्रमा जितेको छ। अघिल्लो पटक प्रदेशसभामा १४ सिट जितेको उक्त दलेले एक सिट थप्दै सप्तरी-१(१), सिरहा–१(१), सिरहा–२(२), सिरहा ३(१), धनुषा–१(१),धनुषा–२(१), धनुषा–३(२), धनुषा–४(२), रौतहट–२(१), बारा–१(१), बारा ३(१), बारा–४(१), बारा–३(२), महोत्तरी १(१) र महोत्तरी ४(१) गरी १५ स्थानमा जितेको छ ।

नेपाली कांग्रेसले प्रतिनिधिसभामा सात र प्रदेशसभामा १३ स्थानमा विजयी भएर दोस्रो पार्टी बनेको छ। उक्त दलले प्रतिनिधिसभातर्फ सप्तरी–३, धनुषा–२, रौतहट-४, पर्सा–२, पर्सा–४, सप्तरी–४ र महोत्तरी–४ मा जितेको छ। त्यसैगरी प्रदेशसभामा कांग्रेसले सप्तरी-३(१), धनुषा– ३(१), धनुषा–४(१), सर्लाही–२(१), सर्लाही–२(२), सर्लाही–४(१), रौटहट–१(१), रौटहट–१(२), रौतहट–३(२), पर्सा–२(१), पर्सा–३(२), पर्सा–४(१) र धनुषा १(१) मा जितेको छ। अघिल्लो पटक कांग्रेसले प्रतिनिधिसभामा छ र प्रदेशसभामा नौ सिट जितेको थियो ।

जनता समाजवादी पार्टी (जसपा)ले प्रतिनिधिसभामा छ र प्रदेशसभामा नौ सिट जितेर तेस्रो पार्टी बनेको छ। उक्त दलले प्रतिनिधिसभामा सप्तरी–१, सिरहा–४,पर्सा–१, बारा-२, सिरहा-२ र धनुषा १ मा जितेको छ ।

त्यसैगरी प्रदेशसभामा जसपाले धनुषा–२(२), पर्सा–१(२), पर्सा–४(२), बारा–१(२), रौतहट–४(२), सर्लाही–३(२), सिरहा–१(२), बारा–२(२) र महोत्तरी ४(२) मा जितेको छ। विसं २०७४को निर्वाचनमा सङ्घीय समाजवादी फोरमको रूपमा रहेको जसपाले प्रतिनिधिसभामा ९ र प्रदेशसभामा १९ सिट जितेको थियो ।

यहाँ लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) ले प्रतिनिधिसभामा तीन र प्रदेशसभामा सात स्थान जित्दै चौथो पार्टी बनेको छ । प्रतिनिधिसभामा लोसपाले महोत्तरी-२, सर्लाही-१ र महोत्तरी–३ मा तथा प्रदेशसभामा पर्सा–२(२), महोत्तरी–२(१), महोत्तरी–३(१), महोत्तरी–३(२), सर्लाही–१(१), सिरहा–४(२) र बारा–४(२) मा जितेको छ ।

विसं २०७४ को निर्वाचनमा राष्ट्रिय जनता पार्टी (राजपा) हुँदा लोसपाले प्रतिनिधिसभामा १० र प्रदेशसभामा १५ सिट जितेको थियो । पहिलो पटक चुनावी प्रतिस्पर्धामा गएको जनमत पार्टीले प्रतिनिधिसभामा एक र प्रदेशसभामा छ स्थान जितेको छ । प्रतिनिधिसभामा पार्टी अध्यक्ष डा सिके राउतले जसपाका अध्यक्ष उपेन्द्र यादवलाई सप्तरी–२ मा पराजित गर्नुभयो । सो पार्टीले प्रदेशसभामा सप्तरी-१ (२), सप्तरी-२(१), सप्तरी-२(२), सप्तरी-३(२), सिरहा–४(१) र सिरहा–२(१) मा जितेको छ ।

त्यसैगरी स्वतन्त्र उम्मेदवारले प्रतिनिधिसभामा तीन र प्रदेशसभा छ सिट जितेका छन् । प्रतिनिधिसभातर्फ सर्लाही–४,रौतहट–२ र रौतहट–३ मा स्वतन्त्र उम्मेदवारले जितेका हुन् यसैगरी प्रदेशसभातर्फ स्वतन्त्र उम्मेदवारले पर्सा–३ (१), बारा–२(१), महोत्तरी–२(२), रौतहट–३(१), सर्लाही–३(१) र सप्तरी–४(२) मा जितेका हुन् ।

नेकपा माओवादी केन्द्र भने २०७४ को तुलनामा कमजोर देखिएको छ । अघिल्लो निर्वाचनमा माओवादीले प्रतिनिधिसभामा पाँच सिट जितेकामा यसपटक एक र प्रदेशसभामा छ स्थान जितेकोमा यसपटक चार स्थानमा मात्रै चुनाव जितेको छ ।

प्रतिनिधिसभामा सर्लाही निर्वाचन क्षेत्र नं २ मा उक्त पार्टीको चुनाव चिन्हबाट महेन्द्रराय यादव निर्वाचित हुनुभएको छ । प्रदेशमा माओवादीले सर्लाही–४(२), महोत्तरी–१(२), रौतहट–४(१) र पर्सा–१(१) बाट मात्र जितेको छ । एमाले विभाजनपछि प्रतिनिधिसभा र प्रदेशसभाका लागि पहिलो पटक चुनावमा गएको नेकपा (एकीकृत समाजवादी) पार्टीले प्रतिनिधिसभाका लागि रौतहट–१ र बाराबाट दुई सिट र प्रदेशसभामा रौतहट–२(२), सर्लाही–१(२), सिरहा–३(२) र सप्तरी–४(१) गरी चार सिट जितेको छ ।

# सप्तरीबाट आठ जना नयाँ सांसद

सप्तरी, १३ मङ्सिर (रासस) ।

सप्तरीका मतदाताले यसपटक अधिकांश नयाँ उम्मेदवारलाई निर्वाचित गराएका छन् । चार प्रतिनिसभा र आड प्रदेशसभा रहेको जिल्लामा १२ मध्ये आठ जना नयाँ उम्मेदवार निर्वाचित भएका छन् ।

सप्तरी-२ बाट जनमत पार्टीका अध्यक्ष चन्द्रकान्त (सिके) राउत पनि पहिलोपटकमै सांसद् बन्दै हुनुहुन्छ । राउतले ३५ हजार ४२ मत ल्याउँदा गत निर्वाचनमा यसैक्षेत्रबाट निर्वाचित उपेन्द्र यादवले १६ हजार नौ सय ७९ मतमात्र ल्याउनुभयो ।

सप्तरी निर्वाचन क्षेत्र नं ३ बाट नेपाली कांग्रेसका केन्द्रीय सदस्य दिनेशकुमारयादव चौथो पटकको प्रयासमा संसद् भवनको टिकट पाउनुभएको छ । यसअघि तीनपटक पराजय भोगिसक्नुभएका यादवले नेकपा (एमाले)का ताराकान्त चौधरीलाई पराजित गर्नुभयो ।

सप्तरी १ (१) बाट एमाले केन्द्रीय सदस्य राजकुमार लेखी प्रदेशसभा सदस्य बन्नुभएको छ भने सप्तरी १ (२)बाट सकिल मियाँ प्रदेशसभा सदस्य बन्नुभएको छ । मियाँ पहिलोपटक संसदीय चुनावमा होमिएको जनमत पार्टीका उम्मेदवार हुनुहुन्थ्यो । उहाँ जिल्ला विकास समिति सप्तरीको सदस्य रहिसक्नुभएको छ ।

निर्वाचित हुने नयाँ अनुहारमा सप्तरी-२(१)बाटजनमतपार्टीका सतिशकुमार सिंह पनि हुनुहुन्छ । उहाँ तिलाठी कोइलाडी गाउँपालिकाका निवर्तमान अध्यक्षसमेत हुनुहुन्छ । गत स्थानीय तहको निर्वाचनमा गाउँपालिका अध्यक्षमा उम्मेदवार यहाँ पराजित भएपछिलोसपा परित्याग गरी जनमत पार्टीबाट उम्मेदवार बन्नुभएको हो ।

सप्तरी-२ (२)बाट जनमत पार्टीका निर्वाचित महेशप्रसाद यादव पनि नयाँ अनुहार हुनुहुन्छ । उहाँ यसअघिको निर्वाचनमा नेकपा (माओवादी केन्द्र)बाट प्रदेशसभा सदस्यमा उम्मेदवार हुनुहुन्थ्यो ।

सप्तरी ३ (२) बाट विजयी जनमत पार्टीकै शम्भुकुमार साह पनि राजनीतिमा नयाँ हुनुहुन्छ । साथै, सप्तरी-४ (२) सदस्यमा पहिलो पटक निर्वाचित स्वतन्त्र उम्मेवार अनिरुद्धकुमार सिंहले नौ हजार नौ सय ८५ मत प्राप्त गर्नुभयो । यसरी आठ जना नयाँ अनुहार संसद्मा भित्रिँदा जसपा अध्यक्ष एवं पूर्वउपप्रधानमन्त्री उपेन्द्र यादव र बहुजन शक्ति पार्टीका अध्यक्ष एवं पूर्वमन्त्री विश्वेन्द्र पासवानको संसद् भवन जाने बाटो बन्द भएको छ ।

मधेस प्रदेशका अर्थमन्त्री शैलेन्द्रप्रसाद साह, पूर्वमन्त्री हेमराज तातेड, उमेशकुमार यादव, अनिस अन्सारी, संविधानसभा सदस्य ताराकान्त चौधरी, अशोकुमार मण्डल, निवर्तमान प्रदेशसभा सदस्य विदेश्वरप्रसाद यादव र अभिषेक यादवदोहोरिएर संसद् बन्न सक्नुभएन ।

प्रदेशसभा सदस्यमा एक-एक स्थानमा जित हासिल गरेका कांग्रेस र नेकपा (समाजवादी केन्द्र)का प्रदेशसभा सदस्यबाहेक सबै नयाँ अनुहार हुन् ।

# समानुपातिकतर्फ ९६ लाख मत गनियो

काठमाडौँ, १३ मङ्सिर (रासस) ।

प्रतिनिधिसभा र प्रदेशसभाको यही मङ्सिर ४ गते सम्पन्न निर्वाचनअन्तर्गत समानुपातिक तर्फको मतगणना जारी छ । निर्वाचन आयोगका अनुसार हालसम्म कूल ९६ लाख दुई हजार पाँच सय ७६ मतगणना भएको छ ।

मंगलबार बिहान १०.३० बजेसम्मको गणन अनुसार नेकपा(एमाले)ले २५ लाख ९३ हजार चार सय ६६ मत प्राप्त गरेको छ । यस्तै, नेपाली कांग्रेसले २४ लाख ५७ हजार तीन सय तीन मत प्राप्त गरेको छ ।

नेकपा(माओवादी केन्द्र)ले ११ लाख चार हजार आठ सय ३३ मत प्राप्त गरेको छ। राष्ट्रिय स्वतन्त्र पार्टीले १० लाख ७४ हजार एक सय ९६ मत प्राप्त गरेको छ ।

राष्ट्रिय प्रजातन्त्र पार्टीले पाँच लाख ५२ हजार आठ सय ७४, जनता समाजवादी पार्टीले तीन लाख ५८ हजार नौ सय २२ मत प्राप्त गरेको छ ।

आयोगका अनुसार जनमत पार्टीले तीन लाख एक हजार छ सय २० मत, नेकपा( एकीकृत समाजवादी)ले दुई लाख ६५ हजार पाँच सय ४७ मत प्राप्त गरेको छ ।

नागरिक उन्मुक्ति पार्टीले दुई लाख ४५ हजार तीन सय पाँच, लोकतान्त्रिक समाजवादी पार्टीले एक लाख ३८ हजार चार सय आठ, नेपाल मजदूर किसान पार्टीले ७३ हजार एक सय ६९, हाम्रो नेपाली पार्टीले ५३ हजार तीन सय ५२ , मङ्गोल नेशनल अर्गनाइजेशनले ४६ हजार पाँच सय एक र राष्ट्रिय जनमोर्चाले ४५ हजार तीन सय पाँच मत प्राप्त गरेका छन् ।

प्रतिनिधिसभामा राष्ट्रिय दलको मान्यता प्राप्त गर्नका लागि प्रत्यक्षतर्फ कम्तीमा एक सिट जित्नुपर्छ भने समानुपातिकमा तीन प्रतिशत मत प्राप्त गर्नुपर्छ । कुल खसेको सदर मतको तीन प्रतिशत थ्रेस होल्ड कटाएपछि राष्ट्रिय दलको मान्यता तथा सेवा सुविधा प्राप्त हुन्छ ।

## यूवती हराएको सूचना



राजबिराज वडा नम्बर ३ हाल ४ निवासी २२ वर्षिया लक्ष्मी साह मंसिर १३ गते विहानदेखि सम्पर्क बिहीन रहेकी छिन् । उनको मानसिकस्थित कमजोर रहेको तथा बोल्न सक्ने शारीरिक अवस्था ठिक रहेको छ । फेला परेमा नजिकको प्रहरी चौकीमा वा सम्पर्क नम्बर ९८४२८७६१००/९८१५७०३७५७ खबर गरिदिनु हुन अनुरोध छ ।

सभ्य समाजको पहिचान: लैङ्गिक हिंसा विरुद्धको अभियान

लैङ्गिक हिंसा दण्डनीय अपराध हो। कोही कसैलाई हिंसा भएमा निःशुल्क फोन नं. १०० र ११४५ मा उजुरी गरौं ।

२०७९ मंसिर ९ गतेदेखि मंसिर २४ गतेसम्म हुने लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सफल पारौं

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
CITY EXPRESS
Best Remit Quick & Easy
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*